# सरकारी वकीलहरुको चौथो राष्ट्रिय सम्मेलन, २०७९
## सम्मेलनमा सहभागी तथा पर्यवेक्षकहरूले पालना गर्नुपर्ने नियमहरू

सरकारी वकीलहरुको चौथो राष्ट्रिय सम्मेलनमा सहभागी तथा पर्यवेक्षकहरूले पालना गर्नुपर्ने आचरणका नियम/(Code of Conduct) निम्न बमोजिम तोकिएको छ ।

<u>सम्मेलन हुनुपुर्व पालना गर्नुपर्ने नियमहरु:</u>

- सम्मेलनको प्रचारप्रसारको क्रममा सामाजिक सञ्जालमा आधिकारिक भन्दा अनावश्यक टिप्पणी गर्न नहुने,
- आधिकारिक प्रचार सामाग्रीलाई तोडमोड गर्न वा विगार्न नहुने,
- सम्मेलनसँग सम्बन्धीत सामग्रीहरु अनाधिकृत रुपमा लिन वा विगार्न नहुने,

<u>सम्मेलनको क्रममा पालना गर्नुपर्ने नियमहरु:</u>

- सम्मेलनको दिन तोकिएको समयमा तोकिएको स्थानमा उपस्थित भै सम्मेलन सामाग्री बुझ्ने,
- सम्मेलन आयोजक समितिले लाए अह्राए बमोजिम सम्मेलन स्थलमा उपस्थित हुने,
- मिति २०७९।०९।०८ गते ३.३० बजे राष्ट्रिय सभागृहमा हुने उद्घाटन कार्यक्रममा तथा सोही दिनको रात्रीभोजमा सहभागी रहँदा पाहुनाहरुलाई विशेष प्राथमिकतामा राखी सहजीकरण गरी कार्यतालिका अनुरुप अनुशासित एवम् मर्यादित रुपमा सहभागी हुने,
- खाना खाँदा पाहुनाहरुलाई प्राथमिकता दिई सहभागीले पछि खाने,
- सम्मेलनको क्रममा सत्रको लागि तोकिएको समयभन्दा १० मिनेट अगावै सत्र कक्षमा उपस्थित हुने। निर्धारित कार्यक्रम सम्पन्न नभई सत्र छाड्न नहुने,
- सम्मेलनमा सहभागी हुँदा सम्मेलनको पहिलो दिन कार्यालयको औपचारिक पोशाक र अन्य दिनमा औपचारिक पोशाकमा उपस्थित हुने,
- कार्यक्रम अवधीभर फोनको स्वीच अफ गर्ने वा silence mode मा राख्ने,
- सम्मेलनको सत्र चलिरहेको बखत फोनमा तथा एक अर्कासँग कुराकानी गर्ने जस्ता कार्यहरु र अनावश्यक रूपले ध्यानाकर्षण हुने खालका ब्यवहार तथा क्रियाकलाप गर्नु नहुने,
- सहभागीहरुले आफू तोकिएको समूहभन्दा बाहेकको समूहमा भएको कुनै निश्चित विषयको छलफलमा भाग लिन चाहेमा आफ्नो समूहको संयोजक मार्फत सम्बन्धित समूहसँग समन्वय गरी मात्र जाने,
- सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रहरु महान्यायाधिवक्ताको कार्यालयको website मा उपलब्ध छन्। सहभागीहरुले सम्मेलनको प्रयोजनको लागि उपलब्ध गराइएका सबै सामग्रीहरु अध्ययन गरी सत्रमा उपस्थित हुने,
- सहभागीहरूले छलफलमा भाग लिँदा समय व्यवस्थापनमा सहयोग पुग्ने कुरालाई विशेष ध्यान दिँदै विषयान्तर हुने प्रश्न गर्न नहुने। छलफललाई फौजदारी न्यायको प्रभावकारीता र कानूनी शासनको सुनिश्चितताालाई जोड दिने विषयमा केन्द्रित गर्नुपर्ने,
- सम्मेलनका सहभागीहरुलाई तत्काल कुनै समस्या परेमा संयोजन समूह मार्फत निकासा लिई आवश्यक निर्णय लिने, सामान्य अवस्थामा कुनै पनि कारणले आफुलाई तोकिएको कार्यक्रमबाट बाहिरिनु नहुने,
- सम्मेलनका सहभागीहरुले सत्र अवधिभर कार्यक्रम कार्यतालिका अनुरुप अनुशासन र आचरणका आधारभूत नियमहरूको पालना गर्ने, शिष्ट र मर्यादित व्यवहार गर्ने, सम्मेलनलाई सफल बनाउन रचनात्मक सहयोग गर्ने,
- उल्लिखित नियमहरूका अतिरिक्त अन्य व्यवस्था सम्बन्धित संयोजन समूहले निर्धारण गरे बमोजिम हुनेछ।